म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०९ शनिबार १५ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 30 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडो मौसममा चिसोबाट बचौ**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं.
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौ.
- दैनिक घाम ताप्ने गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ग्रामीणबस्तीले ढाकेको हेटौंडा-१९ बालमैत्री वडा घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडा उपमहानगरपालिकाको १९ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । शुक्रबार एक कार्यक्रमबीच नगर प्रमुख मीनाकुमारी लामाले १९ नम्बरलाई बालमैत्री घोषणा गरिन् ।

पूर्णखोपयुक्त, पूर्णसाक्षर, खुल्लादिसामुक्त वडा घोषणा भइसकेको १९ नम्बर वडाको अर्को एउटा परिचय पनि थपिएको हो । बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमध्ये ४४ वटा सूचक १०० प्रतिशत, एउटा सूचक ९८ प्रतिशत, ३ वटा सूचक ९५ प्रतिशत र एउटा सूचक ९० प्रतिशत, एउटा सूचक ८५ प्रतिशत, एउटा सूचक ८० प्रतिशतसम्म १९ नम्बर वडाले नतिजा हासिल गरेको छ ।

अधिकांश भागहरु ग्रामीणस्तरका रहेको वडामा घर धुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ३,३५० छन् । बालबालिकाको संख्यामध्ये १ हजार ७२७ बालक र १ हजार ६२३ बालिका रहेका छन् । बालबालिकाको संख्यालाई आधार मान्दा ४८.४४ प्रतिशत बालिका र ५१.५५ प्रतिशत बालक रहेको वडा अध्यक्ष



नरनाथ सुवेदीले जानकारी दिए ।

वडामा सामुदायिक र संस्थागत गरी बालविकास केन्द्र सहितका १० वटा विद्यालय संचालनमा छ । १८ वटा बालसमूह र एक वडा बालसञ्जालमा ४५० जना बालबालिका आवद्ध छन् भने विभिन्न संरचनागत समितिमा समेत जम्मा ४९१ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उनले बताए । वडा कार्यालयबाट करिब १ घण्टाको दुरीमा रहेको ज्यामिरेको शेरशेरमा बालमैत्री वडा घोषणासभा आयोजना गरिएको थियो ।

१९ नम्बर वडा नवौं निकृष्ट बालश्रममुक्त, बालबिबाहमुक्त तथा स्थानीय शासनयुक्त वडा घोषणा गरिएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए । यसअघि ८ वटा वडालाई बालमैत्री घोषणा गरिसकिएको छ ।

बालमैत्री वडा घोषणा गर्दै नगरप्रमुख लामाले वडाको आधा भन्दा बढी भूभाग ग्रामीणक्षेत्रमा परेपनि कार्यक्रमलाई ग्रामीण भेगसम्म ल्याएर गर्नु महत्वपूर्ण भएको बताइन् । उनले घोषणामात्र प्रमुख नभएको भन्दै यसको कार्यान्वयन महत्वपूर्ण भएको बताइन् । घोषणा भएको कार्यलाई निरन्तररुपमा अघि बढाउनु प्रमुख जिम्मेवारी रहेको उनको भनाई थियो । ग्रामीणमा भएपनि उत्साहका साथ कार्यक्रममा भएको सहभागिताले विषयप्रतिको गम्भिरतालाई स्थानीयले बुझेको महशुस आफूलाई भएको उनले बताइन् ।

हेटौंडा-१९ का वडाअध्यक्ष सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नगरउपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाका अध्यक्ष तथा नगर प्रवक्ता न्यौपाने, उपमहानगरका बिभिन्न वडाका अध्यक्षहरु, सामाजिक संघ/सस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

**लामा गुरूको प्रतिबद्धता**

वडालाई बालमैत्री घोषणा गरेसँगै जनजातिको बाहुल्यता रहेको हेटौंडा-१९ शेरशेर ज्यामिरेक्षेत्रका लामा गुरुहरुले बालबिवहमा सहभागी नहुने प्रतिबद्धता जनाएका छन् ।

वडा बालश्रम र बालबिवाहमुक्त घोषणा भएकोले अब, गाउँमा हुने कुनैपनि बालबिवाहको कार्यक्रममा सहभागी नहुँने प्रतिबद्धता जनाएका हुन् । बालमैत्री घोषणामा बौद्ध धर्मको बिधिअनुसार पूजा गर्दै स्थानीय लामा तथा पोन्बो समूहले २० बर्ष मुनीका बालबालिकाबीच हुने बैवाहिक कार्यक्रममा सहभागिता नजनाउने प्रतिबद्धता जनाएका थिए ।

पहिला गाउँका कार्यक्रम भनेर पूजाआजा तथा बैवाहिक कार्यक्रममा सहभागिता जनाए पनि अब बालमैत्री घोषणालाई असहज हुने कुनैपनि बैवाहिककार्यमा सहभागी नहुने यहाँ रहेका गुम्बा र झाँग्रीबीच सहमति भएको ध्यूमिग्य छोलिङ गुम्वाका दोर्जे लामाले जानकारी दिए ।

# चार महिनामा १४ हजार बढीले लिए आयुर्वेदिक उपचार सेवा




साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षको चार महिनामा १४ हजार २६४ जनाले सेवा लिएका छन् ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरका आयुर्वेद चिकित्सक डा.ललिता पाण्डेका अनुसार ६ हजार हजार ५०९ जनाले बहिरङ्ग सेवा, एक हजार ७८० जनाले पञ्चकर्म र पूर्वकर्म सेवा, नागरिक आरोग्य सेवा एकहजार ७३८ जना र प्रयोगशाला सेवा एकहजार ९०० जनाले लिएका छन् ।

त्यस्तै ३२७ जनाले योग सेवा, ३९८ जनाले जेष्ठनागरिक सेवा, ३४ जनाले स्तनपायी सेवा, ७६२ जनाले अकुपञ्चर सेवा र ८१६ जनाले फिजियो थेपारी सेवा लिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरका तथ्यांक फोकलपर्सन प्रेमशंकर प्रसादले जानकारी दिए ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपु प्रमुख डा.पाण्डेका अनुसार विगतभन्दा दिनप्रतिदिन आयुर्वेदप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको छ । आयुर्वेदिक औषधिले अन्यभन्दा स्वास्थ्यमा कम असर गर्ने विश्वाससँगै यसतर्फ आकर्षण बढ्दै गएको हो । विशेषगरी ग्यास्ट्रिक, हाडजोर्नी तथा नसाको दु:खाइ, पायल्स, रुघाखोकी, ज्वरोलगायतका स्वास्थ्य समस्या लिएर बिरामी आउने गरेको पाण्डेको भनाइ छ । केन्द्रमार्फत् नेपाल सरकारले निर्धारण गरेको २३ थरीका औषधि नि:शुल्क वितरण गरिएको छ ।

मकवानपुरमा हाल छ वटा नागरिक आरोग्य सेवाकेन्द्र र तीनवटा आयुर्वेद औषधालयमार्फत् सेवा प्रदान गरिँदै आएको छ । मकवानपुरको मनहरी, राक्सिराङ, कैलाश, बागमती र इन्द्रसरोवर गाउँपालिका तथा थाहा नगर पालिकामा नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालनमा छ ।

त्यस्तै, हेटौंडा उपमहा नगरपालिका वडा नं. १५ चुरियामाई, हेटौंडा-१७ मा हटिया र राक्सिराङको काँकडामा आयुर्वेध औषधालयमार्फत् सेवाग्राहीलाई सेवाप्रदान गर्दै आइरहेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौंडाका कविराज निरीक्षक विनोदकुमार साहले जानकारी दिए । यो क्षेत्रमा वाथ, छालासम्बन्धी समस्या धेरैमा हुनेगरेको उनको भनाइ छ ।

# मुख्यमन्त्री लामा र महर्जनबीच छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र उपत्यका मेयर फोरमका संयोजक तथा ललितपुर महानगरका मेयर चिरि बाबु महर्जनबीच शुक्रबार छलफल भएको छ ।

मुख्यमन्त्री लामा र उपत्यका मेयर फोरमका संयोजक महर्जनको भेटमा प्रदेश र स्थानीय तहबीच विकास निर्माणदेखि सेवाप्रवाहका क्षेत्रमा समन्वय, सहकार्य गर्दै अघि बढ्ने विषयमा छलफल भएको छ ।

प्रदेश र स्थानीय तहको सहकार्य विश्वसनीय बनाउने विषयमा छलफल भएको मुख्यमन्त्री लामाले जानकारी दिए ।

छलफलमा उठेका विषय र एजेन्डा आगामी प्रदेश समन्वय परिषद्को बैठकमा छलफल हुने लामाले जानकारी दिएका छन् । साथै स्थानीय तह र प्रदेशको दायराभित्र रहेर राजस्व संकलनका विषयमा समेत महत्वपूर्ण छलफल भएको जानकारी उनले दिए ।

# मकवानपुरमा एकैदिन दुई जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुरमा १४ मंसिर शुक्रबार बिहान दुईवटा छुट्टाछुट्टै घटनामा दुईजनाको मृत्यु र एक जना घाइते भएका छन् । एकजनालाई करेन्ट लागेर र अर्कालाई अटोले ठक्कर दिएर मृत्यु भएको हो ।

जिल्लाको पश्चिमीक्षेत्र मनहरी गाउँपालिका-८ दारिमबास घर भएका ३८ वर्षीय मंगलसिङ प्रजाको बिहान करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घरबाट मनहरी बजारतर्फ ज्यामी काम गर्न जाने क्रममा उनलाई चुँडिएर भुईँमा लत्रिएको ११ हजार भोल्टेजको हाइटेन्सन तारबाट करेन्ट लागेको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

मनहरी-८ दारीमबास बस्ने ४० वर्षीय इन्द्रमाया मगर घर बाट मनहरीतर्फ जाने क्रममा बिहान ७ बजे करेन्ट लागेर भुइँमा लडेका प्रजालाई देखेपछि प्रहरीलाई खबर गरेकी थिइन् । मगरलाई पनि भुइँमा झुण्डिएको तरबाट करेन्टको झट्का लागेको डिएसपी अर्यालले जानकारी दिए । मगर पनि घाइते छिन् ।

यसैगरी, शुक्रबार बिहान सवा ६ बजे हेटौंडा उपमहानगरपालिका-६ चौघडाबाट चुच्चेखोला बजारतर्फ जाँदै गरेको अटोले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ ।

कान्तिलोकपथ सडक खण्डमा ना २ ह २६९२ नम्बरको अटोले पदैलयात्री स्थानीय शान्तिटोल बस्ने ६८ वर्षीय जनक राईलाई ठक्कर दिएको थियो । राईको उपचारको क्रममा भरतपुर मेडिकल कलेज चितवनमा मृत्यु भएको डिएसपी अर्यालले जानकारी दिए । अटो चालक ६ नम्बर वडाको बारुतेका ३१ वर्षीय शंकर सार्की प्रहरी नियन्त्रणमा छन् ।

# मदन भण्डारी प्रतिष्ठान र चिकित्सा शास्त्र अध्ययन संस्थानबीच सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ नेपालको चिकित्सा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र चिकित्सा शास्त्र अध्ययन संस्थान (त्रिभुवन विश्वविद्यालय) बीच ऐतिहासिक समझदारी भएको छ ।

सम्झौतामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डाक्टर प्रदीप ज्ञवाली र चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्राध्यापक डाक्टर दिव्यासिंह शाहले हस्ताक्षर गरेका हुन् । यो सम्झौता पाँचवर्षको हुनेछ । जसअन्तर्गत प्रतिष्ठान र संस्थानले संयुक्तरुपमा क्लिनिकल सेवा, चिकित्सा शिक्षा, र स्वास्थ्य अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने भएका छन् । यसले चिकित्सा सेवाको गुणस्तर वृद्धि गर्नुका साथै देशमा विशेषज्ञ सेवाको पहुँचलाई विस्तार गर्ने अपेक्षा गरिएको छ ।

सम्झौताले विशेषत: हेटौंडा अस्पतालमा मुटुरोग, मिर्गौलारोग, जनरल सर्जरी, महिला तथा बालरोगजस्ता विभिन्न विशेषज्ञ सेवा अझ प्रभावकारीरुपमा उपलब्ध गराउन मद्दत गर्नेछ । यसबाहेक, शिक्षण अस्पतालको रुपमा सेवा विस्तार गरी विद्यार्थीका लागि उच्चस्तरीय शिक्षण र अनुसन्धानका अवसर सिर्जना गरिनेछ ।

सम्झौता समारोहमा बोल्दै उपकुलपति प्राडा ज्ञवालीले यो सहकार्यले समुदायलाई गुणस्तरीय स्वास्थ्यसेवा दिनका साथै नेपालका स्वास्थ्यसेवाका क्षेत्रमा नवीनतम अभ्यास र प्रविधि भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले थपे, 'यो सम्झौता केवल स्वास्थ्यसेवा र शिक्षाक्षेत्रको विकास मात्र नभई, देशभरिका नागरिकलाई अत्याधुनिक विशेषज्ञ सेवा प्रदान गर्ने दिशामा टेवा पुऱ्याउनेछ ।'

डीन प्राडा शाहले यो सहकार्यले अनुसन्धानलाई प्रोत्साहन दिने र नेपालका युवा चिकित्सकलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रशिक्षण प्रदान गर्ने वातावरण निर्माण गर्नेमा जोड दिइन् । उनले चिकित्सा क्षेत्रका शैक्षिक गतिविधिलाई अझ सुदृढ बनाउनका लागि यो सम्झौता मीलको पत्थर सावित हुने विश्वास व्यक्त गरिन् ।

सम्झौता भएको यो सहकार्यले स्वास्थ्यसेवा, शिक्षा, र अनुसन्धानको क्षेत्रमा एक नवीन दृष्टिकोण प्रस्तुत गरेको छ । पाँचवर्षको अवधिमा यसले स्वास्थ्यसेवामा दक्ष जनशक्ति उत्पादन गर्न र ग्रामीण तथा सहरी क्षेत्रका नागरिकलाई गुणस्तरीयसेवा उपलब्ध गराउन सहयोग पुऱ्याउनेछ । साझेदारीबाट नेपालको चिकित्सा क्षेत्रलाई विश्वस्तरीय मान्यता दिलाउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# हेपाहा चिनियाँ ठेकेदार: मूल्य चुकाउँदै नेपाली




काठमाडौं/कात्तिक अन्तिम साता रूपन्देही, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका जनप्रतिनिधिसँगको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले नारायणगढ-बुटवल सडकखण्ड विस्तार आयोजनाको ठेक्का तोड्ने चेतावनी दिए । २२ साउन २०७९ मा सक्ने गरी ८ चैत २०७५ मा ठेक्का लागेको यो आयोजनामा तेस्रो पटक म्याद थप्दा समेत ५० प्रतिशत पनि काम भएको छैन । चिनियाँ निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सनले पाएको यो ठेक्काको म्याद फेरि थप्नुपर्ने अवस्था छ ।

चिनियाँ निर्माण कम्पनीको अक्षमता र उनीहरूलाई जिम्मेवार बनाउन नसक्ने सरकारको कमजोरी देखाउन यही एउटै परियोजना काफी छ । यद्यपि, नेपालमा यस्ता दर्जनौं परियोजना छन्, जहाँ समयमै काम नसक्दा चिनियाँ निर्माण कम्पनीहरू बदनाम छन् । आश्चर्य लाग्न सक्छ, तीमध्ये धेरैजसो चिनियाँ सरकारी स्वामित्वका कम्पनी छन् ।

२०७८ सालमै ठेक्का प्रक्रिया सुरु भएको सिद्धार्थ राजमार्गमा अवस्थित सिद्धबाबा सुरुङमार्गको ठेक्का समेत चाइना स्टेट कन्स्ट्रक्सनले पाएको छ । ठेक्का लागेको दुई वर्षपछि मात्रै साइटमा पुगेको यो कम्पनीले अहिले भने कामलाई केही गति दिएको देखिन्छ, यद्यपिह तोकिएको समयमा सम्पन्न हुनेमा शंकै छ । यो आयोजनाको ठेक्काको म्याद पाँच वर्षको हो ।

चिनियाँ कम्पनीले जिम्मा लिएर अलपत्र पारेको अर्को आयोजना हो- काठमाडौंको चक्रपथ दोस्रो खण्ड विस्तार । नेपाल र चीनबीच सन् २०१८ मै चक्रपथ विस्तार सम्बन्धी जीटूजी सम्झौता भएको थियो । नेपाल र चीन सरकारका प्रतिनिधि बीच २०८१ भदौ पहिलो साता यो आयोजना विस्तार बारे सम्झौतापत्रमा हस्ताक्षर समेत भइसकेको छ ।

विद्यमान चक्रपथको पहिलो खण्ड (कोटेश्वर-कलंकी) झण्डै ६ वर्ष लगाएर २०७५ सालमा सम्पन्न भएको थियो । दोस्रो खण्डको विस्तार भने अलपत्र छ । जसले गर्दा लाखौं मानिसको दैनिक आवतजावत प्रभावित छ । यो आयोजनामा पूर्वतयारीको काम सकिएको छ । तर, चीनले भने पूर्वतयारीलाई नै कारण देखाउँदै आयोजनाको काम अगाडि बढाएको छैन । आयोजना चिनियाँ अनुदानमा बन्ने छ ।

पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडक विस्तार तथा स्तरोन्नतिको सुस्त गतिमा समेत चिनियाँ निर्माण कम्पनी जोडिएको छ । पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्ड निर्माणको जिम्मा यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले लिएको छ ।

उता, यस आयोजनाको पूर्वी खण्ड जामुने-मुग्लिन खण्डमा समेत चिनियाँ निर्माण कम्पनी चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले काम गरिरहेको छ । यी दुवै खण्डको काम २०७८ सालबाट थालिएको हो । निर्माण कम्पनीको कमजोर प्रदर्शनका कारण यी सडक खण्डमा जनताले ठूलो सास्ती भोग्नु परिरहेको छ ।

चिनियाँ अनुदानमा निर्माणाधीन रसुवा-टिमुरे सुख्खा बन्दरगाह निर्माण सुरु भएकै पाँच वर्ष नाघिसकेको छ । ४ मंसिर २०७६ मा शिलान्यास गरिएको यो आयोजनाको काम ६५ प्रतिशत मात्रै भएको छ । आयोजना २०७९ वैशाखमा सकिनुपर्ने थियो ।

१६ फागुन २०७७ मा शिलान्यास भएको दमक औद्योगिक पार्क अहिले पनि चर्चामै सीमित छ । एक लाखभन्दा बढीलाई रोजगारी दिने भनिएको यो परियोजनामा चिनियाँ लगानी आउने भनिएको छ । तर, काम सुरु भएको छैन । चिनियाँ ठेकेदारले काम नगर्दा समस्यामा परेको आयोजनामध्ये भोटेकोशी जलविद्युत् पनि हो । चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाटको यो आयोजनामा सिभिल र हाइड्रोमेकानिकल कामको जिम्मा चिनियाँ ठेकेदार कम्पनी क्वाङसी हाइड्रो एण्ड इलेक्ट्रिकल कन्स्ट्रक्सनले लिएको हो । लक्ष्य अनुसार काम भएको भए यो आयोजना २०७५ सालमै सकिनुपर्ने थियो ।

चिनियाँ निर्माण कम्पनीले अलपत्र पारेको अर्को आयोजना त्रिशूली थ्रीबी जलविद्युत् हो । निर्माणमा चरम लापरवाही र ढिलाइ गरेको भन्दै यो आयोजनाको ठेक्का पुस २०८० मा तोडिएको छ । चिनियाँ निर्माण कम्पनी सुइफा एएनएचई ग्रुपसँग ठेक्का सम्झौता तोडिएको हो । निर्माणको ६६ प्रतिशत काम सकिएको अवस्थामा प्राधिकरणले आयोजनाको ठेक्का तोड्नु परेको हो ।

महेन्द्र राजमार्ग अन्तर्गत कञ्चनपुर-कमला खण्ड विस्तारको कामको सुस्ततामा समेत चिनियाँ ठेकेदार कम्पनीको हात छ । यो आयोजनाको ठेक्का चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ कम्पनीले लिएको छ । आयोजनाको ठेक्का २०७७ कात्तिकमा लागेको हो । निर्धारित समय अनुसार आयोजना २०८० कात्तिकमै सक्नुपर्ने थियो । तर, अहिले ५० प्रतिशत हाराहारी मात्रै भौतिक प्रगति देखिन्छ ।

काठमाडौं प्रवेश पर्ने मुग्लिन-नागढुंगा सडक खण्डमा समेत चिनियाँ निर्माण कम्पनीले काम गरिरहेका छन् । यस आयोजनाको नौबिसे-मलेखु खण्डमा जेडआईसीजी-शर्मा-लामा जेभीले ठेक्का लिएका छन् । जेडआईसीजी चिनियाँ निर्माण कम्पनी हो । मलेखु-मुग्लिनको ठेक्का समेत जेडआईसीजी-शर्माले लिएको छ । समयमै काम नसक्दा सडकमा यात्रुले सास्ती मात्रै पाएका छैनन्, अकालमा ज्यानै जाने अवस्था आएको छ ।

नेपाली सेनाले व्यवस्थापन गरिरहेको काठमाडौं-तराई द्रुतमार्गको सबैभन्दा लामो सुरुङ महादेवटार (३.३५५ किलोमिटर) निर्माणको जिम्मा समेत चाइना स्टेट कन्स्ट्रक्सन्स इन्जिनियरिङले लिएको छ । तुलनात्मक रूपमा अन्य सुरुङको तुलनामा यो सुरुङ निर्माणको गति सुस्त छ ।

अहिलेसम्म महादेवटार सुरुङ खन्ने काम ६५ प्रतिशत सकिएको छ । यहाँ अर्को चिनियाँ कम्पनी पोली चाङ्दा इन्जिनियरिङले धेद्रे र लेनडाँडा सुरुङको जिम्मा लिएको थियो । जसको ब्रेक-थ्रु भइसकेको छ । द्रुतमार्गमा पुलहरू निर्माणको जिम्मा समेत चिनियाँ ठेकेदार कम्पनीले लिएका छन् । जसको गति समेत सन्तोषजनक छैन ।

यी केही उदाहरण हुन् । क्षमताभन्दा बढी ठेक्का लिएर अलपत्र पार्ने प्रवृत्ति पछिल्ला दिनमा बढ्दो छ । यसमा चिनियाँ निर्माण कम्पनीको सूची निकै लामो छ । धेरै संख्या र ठूला परियोजना होल्ड गरेका चिनियाँ कम्पनीले हात पारेका अधिकांश ठेक्का र परियोजना समयमै नसकिने समस्या जटिल बन्दै गएको छ ।

जसमा पूर्वतयारीदेखि स्रोत व्यवस्थापनसम्मका समस्या देखिन्छन् । नेपालको विकासे अड्डाका धेरैजसो आयोजनाको ठेक्का चिनियाँ कम्पनीको हातमा छ । जलविद्युत्, विमानस्थल, सञ्चार र भौतिक क्षेत्रका परियोजनामा चिनियाँ ठेकेदारको बाहुल्य छ । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह अनुमान भन्दा कम मूल्यमा प्रतिस्पर्धा गर्ने र ठेक्का लिने प्रवृत्ति चिनियाँ निर्माण कम्पनीमा रहेको बताउँछन् । यसले आयोजना कार्यान्वयनमा ढिलासुस्ती हुने उनको भनाइ छ ।

यसबाहेक नेपाली विकासे अड्डाको कार्यशैली र नीति-नियमले समेत निर्माण कम्पनी समस्यामा परिरहेको उनी बताउँछन् । 'चिनियाँ ठेकेदारले सबैभन्दा धेरै गाली बुटवल-नारायणगढ सडकमा पाएको छ' उनी भन्छन्, 'तर यो आयोजनामा डेढ वर्षसम्म एउटा पनि रूख काट्न नपाएर परेको असर कसले बुझ्ने ?'

सरकारी निकायका नीति, नियम एकअर्काका निर्णयलाई सहयोग गर्ने भन्दा पनि कसरी बल्झाउने भन्नेमा केन्द्रित छन् । यसको असर निर्माण व्यवसायीले भोग्नु परेको उनी बताउँछन् । छिनछिनमा परिवर्तन हुने सरकार, प्राथमिकता, नीति-नियम, अन्तर सरकार समन्वयको अभाव र अन्तर निकाय समन्वय नहुँदा चिनियाँ मात्र नभई समग्र निर्माण व्यवसायी समस्यामा रहेको उनको भनाइ छ ।

'यो देशमा आर्मीले पनि समयमा काम गर्न सकेन' उनी भन्छन्, 'यो क्षमता नभएर होइन, यहाँको प्रणालीमा रहेको समस्याको कारणले हो ।' विज्ञहरू आयोजनाको पूर्व तयारीको काममा धेरै समय लाग्नु, स्थानीय स्तरबाट हुने असहयोग, दोहोरिरहने प्राकृतिक विपत्ति र कर्मचारीतन्त्रमा रहेको अल्झाउने प्रवृत्तिलाई आयोजना कार्यान्वयनमा रहेको सबैभन्दा ठूलो अवरोध मान्छन् ।

नेपालमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ ठेकेदार कम्पनी चाइना सीएमसी इन्जिनियरिङले तीव्र गतिमा बनाएर हस्तान्तरण गरेको हो । सुनकोशी मरिन डाइभर्सनको सुरुङ खन्ने काम चाइना ओभरसिजले तोकिएको समय भन्दा अगाडि नै सिध्याएको थियो ।

सडक विभागका एक पूर्वमहानिर्देशक भन्छन्, 'चिनियाँहरू क्षमता भएका निर्माण कम्पनी हुन्, उनीहरूबाट चिनियाँकै सोही रफ्तारमा फाइदा लिन हामी चुकेका छौं, यसको समीक्षा गर्नुपर्छ ।' सबै आयोजनालाई एउटै बास्केटमा हालेर विश्लेषण गर्नुभन्दा हरेक आयोजनालाई एक-एक केलाएर विश्लेषण गरी समस्या पहिचान नगरेसम्म आयोजनाहरूले गति लिन नसक्ने उनको तर्क छ ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहले भने झैं उनी पनि आयोजना प्रमुखलाई छिनछिनमा बदल्ने, आफू अनुकूल आयोजना प्रमुख छान्ने जस्ता परिपाटीले चिनियाँ मात्रै होइन, सबैजसो निर्माण कम्पनीले सम्झौता अनुसार काम गर्न नसक्ने उनी बताउँछन् ।

### हुँदाहुँदा कालोसूचीमा चिनियाँ कम्पनी

सडक विभागका एक उच्च अधिकारीका भनाइमा, चिनियाँ निर्माण कम्पनीले नेपालमा सबैभन्दा धेरै देखाउने समस्या वित्तीय अवस्थाको हो । 'सुरुमा सरकारसँग कानुन अनुसार रकम लिने र त्यो रकम चीन पठाइहाल्ने गर्छन्, त्यसपछि र कम अभावको कारण देखाउँदै पेटी ठेकेदारसँग लफडा गरेर काम अड्काउन थाल्छन्', उनले भने ।

चिनियाँ ठेकेदारले जिम्मा लिएका धेरैजसो आयोजनामा उस्तै प्रकारको समस्या देखिने उनको भनाइ छ । अर्कोतर्फ स्थानीयस्तरमा निर्माण सामग्री किन्दा महँगोमा उधारो किन्ने र भुक्तानी नदिने समस्या दोहोरिंदा समेत धेरै लफडा पर्ने उनको भनाइ छ ।

कतै कतै सरकारको भुक्तानी रोकिंदा काम अगाडि बढ्न नसकेको गुनासो आए पनि त्यसको हिस्सा कम रहेको उनको भनाइ छ । 'अघिल्लो वर्ष भुक्तानीको केही समस्या थियो' उनी भन्छन्, 'अहिले त्यो सल्टिएको छ, त्यसमाथि वैदेशिक सहायतामा अगाडि बढेका आयोजनामा भुक्तानीको समस्या पनि हुन्न ।' चिनियाँ निर्माण कम्पनीको यो प्रवृत्ति भर्खरै वा नयाँ आयोजनामा मात्रै दोहोरिएको होइन, नेपालमा लामो समयदेखि चिनियाँको कार्यशैली उस्तै देखिएको छ । कुलेखानी तेस्रो, नेपाल टेलिकमको थ्रीजी सेवा विस्तारमा गरेको ढिलाइ होस् वा चमेलिया जलविद्युत् आयोजना चिनियाँ निर्माण कम्पनीले समयमै पूरा गर्न नसकेका आयोजना हुन् । यसैगरी मेलम्ची खानेपानीको सुरुङ, चक्रपथ विस्तारको पहिलो खण्डको काममा समेत चिनियाँ ठेकेदारले बदनामी कमाएका थिए ।

हुँदाहुँदा चिनियाँ निर्माण कम्पनीहरू कालोसूचीमा पर्न थाल्नु समेत सामान्य हुन थालेको छ । सार्वजनिक खरीद अनुगमन कार्यालयका अनुसार त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको सिफारिसमा शुइफा अन्हे ग्रुप कम्पनी अहिले कालोसूचीमा छ । अर्को चिनियाँ निर्माण कम्पनी साफबोन वाटर सर्भिस काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सिफारिसमा कालोसूचीमा परेको छ ।

नेपाल विद्युत् प्राधिकरणको सिफारिसमा हेक्सिङ्ग इलेक्ट्रिकल कम्पनी पनि अहिले कालोसूचीमा रहेको छ । यसैगरी चाङ्गिङ्ग वाङ्गबियन इलेक्ट्रिक ग्रुप समेत प्राधिकरणकै सिफारिसमा नेपालमा कालोसूचीमा रहेको कार्यालयले जनाएको छ । सामान्यतया नेपालको खरीद कानुन र सम्झौता अनुसार काम नगर्ने निर्माण कम्पनीहरूलाई सम्बन्धित निकायको सिफारिसमा कालोसूचीमा राख्ने गरिन्छ ।

चिनियाँ ठेकेदारले नेपाली आयोजनामा दु:ख दिएर कानुनी लडाईंसम्म पुगेका उदाहरण समेत छन् । सबैभन्दा लामो समय अलपत्र परेको ठूलो आयोजनामध्ये एक मेलम्ची खानेपानी आयोजनामा चिनियाँ ठेकेदार कम्पनी चाइना रेल्वेले सन्तोषजनक काम नगरेको भन्दै २०६९ असोजमा ठेक्का सम्झौता रद्द भएको थियो । यस आयोजनाको काउन्टर ग्यारेन्टीको मुद्दा नेपाली बैंकले जितेका थिए ।

यसरी संसारभर तीव्र गतिमा गुणस्तरीय काम गर्ने छवि बनाएका चिनियाँ ठेकेदार नेपालमा भने एकपछि अर्को आयोजनामा फसिरहेका छन् । यसले चिनियाँ ठेकेदार कम्पनीको असफलताको कथा मात्र बोक्दैन, नेपालमा काम गर्दा हुने अप्ठ्यारो र नेपाली संयन्त्र माथि पनि प्रश्नचिह्न खडा गरेको छ । सडक विभागका एक पूर्वमहानिर्देशक भन्छन्, 'एक/दुई कम्पनी बदमास हुन सक्छन्, एक-दुई आयोजनामा समस्या हुन सक्छन्, तर सबै आयोजना उस्तै गरी फस्न थालेका छन् भने अब समीक्षा गर्नुपर्ने बेला आएको छ ।'

तर, पूर्वाधार निर्माणमा चीनको सफलताको गाथा नेपालमा जस्तो असफलता बोक्ने खालको छैन । कोभिड महामारीका बेला १० दिनमा अस्पताल तयार पारी सञ्चालनमा ल्याएको खबरले विश्वलाई चकित पारेको थियो । नेपालमै पनि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा चिनियाँ कम्पनी सीएमसी इन्जिनियरिङले लोभलाग्दो काम गरेको थियो ।

तर, अहिले नेपालमा चिनियाँ निर्माण कम्पनीले ठेक्का लिएका धेरै आयोजनामा भने समस्या दोहोरिने गरेको छ । यसले चिनियाँ शैलीको विकास बारे नेपालमा परेको सकारात्मक धारणा नै बदल्ने अवस्था देखिनु सुखद् भने होइन ।

*(स्रोत: अनलाइनखबर)*

# पासपोर्ट प्रणाली बन्द हुँदा प्रवासमा सकस

काठमाडौं/वैदेशिक रोजगारीका साउदी अरेबिया रहेका भविन रानामगर पासपोर्ट नवीकरणका लागि गत बिहीबार रियादस्थित नेपाली दूतावास पुगेर फर्किए । 'लाइभ इनरोल्मेन्ट' (बायोमेट्रिक दिएर फोटो खिचाउने काम)का लागि 'अपोइनमेन्ट डेट' दिन गएका उनी विद्युतीय राहदानी प्रणाली नचलेपछि समस्यामा परे ।

एक दिनसम्म सिस्टम चल्ने आशामा रियादमै बसे पनि दूतावासले अनिश्चितकालसम्म सिस्टम नचल्ने जनाउ दिएपछि उनी गत शुक्रबार रियादबाट त्यतिकै कार्यस्थल फर्किए । विदेशस्थित दूतावास तथा कूटनीतिक नियोगहरूमा पासपोर्ट नवीकरणका लागि गएर फर्किने नेपाली उनी एक्लो हैनन्, गत बिहीबार त धेरै नेपालीहरू दूतावास पुगेर पनि बायोमेट्रिक नदिई र फोटो नखिचाई फर्किएका थिए । गत बुधबारदेखि पासपोर्टको प्रणाली विदेशस्थित नेपाली नियोगहरूमा बन्द छ । प्रणाली नै बन्द भएपछि कयौं आप्रवासी नेपालीले पासपोर्टका लागि नयाँ फारम भर्न पाएका छैनन् ।

अहिले पनि दूतावासहरू त्यहाँ कार्यरत कर्मचारीहरूलाई प्रणाली कहिलेदेखि चल्छ भन्दै फोन सम्पर्क गर्ने नेपालीको संख्या ठूलो छ । दूतावासहरूमा बुझ्न खोज्दा फोन नउठेको भन्दै सामाजिक सञ्जालमा दूतावास र सरकारको आलोचना गर्नेहरू प्रशस्तै छन् । मलेसियास्थित नेपाली दूतावासले शुक्रबार गरेको फेसबुक लाइभमा पनि यसबारे चासो र चिन्ता राख्नेहरू धेरै देखिए । फेसबुक लाइभमा जवाफ दिन जोडिएका दूतावासका कर्मचारीले राहदानी विभागले प्रणालीमा आएको समस्या समाधान छिट्टै हुने बताएकाले लामो समय सेवा बन्द नहुने बताए । तर, उनले पासपोर्टको सेवा पुन: सुरु हुन कति समय लाग्छ भन्ने स्पष्ट बताउन सकेनन् ।

जापानको टोक्योस्थित दूतावासका एक अधिकारीका अनुसार अहिले धेरै विद्यार्थी र श्रमिक भिसा रहेकाहरू पासपोर्टको प्रणालीको समस्याबारे फोन र इमेलबाट जानकारी मागिरहेका छन् । तर, उनीहरूलाई राहदानी विभाग र दूतावासको सूचना हेर्न भनिएको उनले बताए । 'धेरै जनाले समस्यामा पर्ने भयौं भन्दै फोन गरिरहनुभएको छ, उता राहदानी विभागले प्रणालीको समस्या समाधान गर्न ढिलाइ गर्दा यता हामीले गाली खाइरहेका छौं,' उनले भने,'कतिपय नेपालीहरू साँच्चिकै मर्कामा नै पर्न थाल्नु भएको छ ।'

नेपालीहरूका समस्याबारे जानकार भएपनि राहदानी विभाग हतारमा नियोगहरूमा प्रणाली खोल्ने पक्षमा छैन । किनकी गत हप्ता साइबर आक्रमणकारीले जापानको टोक्यो, साउदी अरेबियाको रियाद, जर्मनीको बर्लिन र यूकेको लन्डनस्थित नेपाली दूतावासमा प्रयोगमा रहेको पासपोर्ट प्रणालीमा हमला गरेका थिए । रियादस्थित दूतावासको प्रणालीमा भएको 'मालवेयर' आक्रमणमा त केही डेटा समेत उनीहरूले प्राप्त गरेको र सावजनिक गर्ने चेतावनी दिएको विभाग स्रोतको दाबी छ ।

त्यसैले पनि विभागले विदेशस्थित नियोगकै प्रणालीहरू बढी जोखिममा रहेको निष्कर्ष निकालेर पूरा समस्या हल नभएसम्म विदेशमा सेवा थाल्न चाहेको छैन । यसका लागि करिब २ हप्ता नै लाग्ने देखिएको छ ।

यसरी २ हप्तासम्म प्रणाली अवरुद्ध हुने अवस्था बन्दा समेत रहादानी विभागले प्राविधिक समस्या हल गर्न पर्याप्त प्रयास भने गरेको छैन । यसका कारण श्रम, वैदेशिक अध्ययनसहित व्यापार र विभिन्न प्रयोजनमा विदेश पुगेका नेपालीहरू बढी समस्यामा छन् । साउदीमै कार्यरत रहेका सुरेश थापा पनि एक हप्तादेखि फारम भर्न खोजिरहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'जन्ते बाख्रो'मा भित्रिइन् गरिमा, पहिलोपटक लिड हिरोइन बन्दै




काठमाडौं/टिकटकबाट उदाएर म्यूजिक भिडियोमा बलियो पकड बनाएकी गरिमा शर्मा पहिलोपटक फिल्ममा मुख्य अभिनेत्रीको रुपमा देखिने भएकी छन् । डेब्यु फिल्म 'लण्डन टू पेरिस' र दोस्रो फिल्म 'ह्रस्व दीर्घ'मा सहायक अभिनेत्री भएर काम गरेकी उनी नयाँ फिल्म 'जन्ते बाख्रो'मा मुख्य अभिनेत्री बन्न लागेकी हुन् । शुक्रबार उनीसँग निर्माताले कागजी सम्झौता गरेका छन् ।

प्राप्त जानकारी अनुसार अडिसनबाट छनोट भएपछि गरिमालाई फिल्ममा अनुबन्धित गरिएको हो । अब फिल्ममा उनको जोडी अभिनेताद्वय सौगात मल्ल र आसिफ शाहसँग बाँधिनेछ । फिल्ममा अनुबन्धित भएपछि गरिमा उत्साहित देखिएकी छन् । यसलाई उनले आफ्नो करिअरको ठूलो उपलब्धि मानेकी छन् ।

फिल्मलाई सिमोस सुनुवारले निर्देशन गर्नेछन् । यसमा प्रदीप भारद्वाजको लेखन छ । मुईन इन्टरटेनमेन्टको प्रस्तुति रहने 'जन्ते बाख्रो' कमेडी कथावस्तुमा बन्न लागेको शीर्षकबाटै प्रष्ट हुन्छ । फिल्मको निर्मातामा सन्तोष गौतम रहेका छन् । आगामी पुष १ गतेबाट छायांकन सुरु हुन लागेको फिल्मको यही मंसिर २० गतेबाट वर्कसप गरिँदैछ ।

गरिमाको 'लण्डन टू पेरिस'मा अभिनय निकै कमजोर देखिएको थियो । जसले गर्दा उनको आलोचना पनि भयो ।

हाल प्रदर्शनरत 'ह्रस्व दीर्घ'मा भने केही हदसम्म उनको अभिनयमा सुधार देखिन्छ । अब पहिलोपटक मुख्य अभिनेत्री भएर प्रस्तुत हुन लागेकाले 'जन्ते बाख्रो'मा उनले आफूलाई प्रमाणित गर्नुपर्ने दबाब रहनेछ । यो उनका लागि अवसर र चुनौती दुवै हो ।

# 'फ्रेन्डस् सिनेमाज्'को दोस्रो हल बुटवलमा




काठमाडौं/नेपाली फिल्मको ठूलो बजार मानिने बुटवलमा धरानको 'फ्रेन्डस् सिनेमाज'को दोस्रो हल सञ्चालनमा आएको छ । एउटा मात्र अडिटोरियम रहेको २२२ सिट क्षमताको हलमा शुक्रबारबाट फिल्म प्रदर्शन सुरु गरिएको सञ्चालक आशिष तामाङले जानकारी दिए । यो हल अमरपथस्थित सिंह कम्प्लेक्समा छ । पहिला 'भ्यू सिनेमाज्' रहेको हललाई 'फ्रेन्डस् सिनेमाज'मा बदलिएको हो ।

फिल्म वितरणमा समेत सक्रिय रहेका आशिषसहित प्रदीप धामी र पुष्कर घिमिरे हलको सञ्चालकमा छन् । 'फ्रेन्डस् सिनेमाज'को ब्रान्ड विस्तार गर्ने क्रममा बुटवलमा दोस्रो हल सञ्चालनमा ल्याइएको सञ्चालक घिमिरेले बताए । नयाँ व्यवस्थापन, अत्याधुनिक प्रविधि जडान तथा विविध सेवा-सुविधा र सहुलियतसहित हललाई नयाँ रुप दिइएको उनको भनाई छ ।

हल सञ्चालनको अवसरमा अबको एक साताभरि फिल्मको टिकट दर १५० रुपैयाँ तोकिएको छ । यो हलमा दैनिक ६ शोसम्म चलाउन सकिने जनाइएको छ । अहिले हलमा 'पूर्ण बहादुरको सारङ्गी', 'ह्रस्व दीर्घ', 'अग्निदहन' र 'तेल भिसा' प्रदर्शन भइरहेका छन् । बुटवलमा मिलन चलचित्र हल, द्वारिका उदय सिनेमा, आईएनआई सिनेमाज् र क्यूएफएक्स सिनेमाज् पनि सञ्चालनमा छन् ।

हल सञ्चालनका साथै 'फ्रेन्डस् सिनेमाज्'को सञ्चालक समूहले कुवेर सिने डिस्ट्रिब्यूसन मार्फत 'फर्की फर्की', 'खुस्मा', '१२ गाउँ' जस्ता सफल फिल्म वितरण गरिसकेको छ भने अब 'ऊनको स्वीटर', 'बलिदान', 'रेशम फिरिरी' लगायतका फिल्म दर्शकमाझ ल्याउँदैछ । विशेषगरी यो कम्पनीले मोफसलमा फिल्म वितरण गर्दै आइरहेको छ ।

# 'जारी'ले राष्ट्रिय अवार्ड नपाउँदा जुरीमाथि उठेको प्रश्न




काठमाडौं/पछिल्ला वर्षमा फिल्म रिलिजको संख्याभन्दा ज्यादा नेपाल र विदेशमा अवार्ड भइरहेका छन् । तर, अचेल कुनै अवार्डप्रति न आम दर्शकलाई चासो रहन्छ न त फिल्मकर्मीलाई । यसको एउटै कारण हो, अवार्डप्रति गुम्दो विश्वास । 'राम्रालाई भन्दा हाम्रालाई' भन्ने प्रवृत्ति मौलाउँदा फिल्म अवार्डको गरिमा गुमिरहेको मात्र छैन, अहिले त कसैले अवार्ड पाउँदा समेत शंकाको नजरले हेर्ने गरिन्छ ।

यद्यपि, निजी संस्थाहरुले प्रदान गर्ने अवार्डभन्दा चलचित्र विकास बोर्डले बाँड्ने राष्ट्रिय अवार्डलाई भने केही हदसम्म महत्त्वका साथ हेरिन्छ । तर, राष्ट्रिय अवार्डको सुरुवातदेखि कुनै यस्तो वर्ष छैन, जहाँ विवाद नभएको होस् । गत वर्ष त मुख्य विधा अर्थात् उत्कृष्ट फिल्म नै 'गायब' पारेर अवार्ड बाँडिएको विषय अदालतसम्म पुगेको थियो । यस्ता घटनाले राष्ट्रिय अवार्डको गरिमा गुमिरहेको छ ।

यस वर्षको राष्ट्रिय अवार्ड पनि आयोजना भइसकेको छ । यही बुधबार (मंसिर १२ गते) राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलको हातबाट ८ विधामा अवार्ड वितरण गरियो । अघिल्ला वर्षहरुमा जस्तो राष्ट्रिय अवार्ड त्यति विवादित नबनेको भए पनि जुरीको निर्णयप्रति भने प्रश्न उठेका छन् । त्यो प्रश्न उठ्नुको कारण हो, 'जारी'लाई आठ विधामध्ये कुनैमा पनि अवार्ड नदिइनु ।

गत वर्ष प्रदर्शनमा आएका फिल्महरुमध्ये कथावाचनको हिसाबले 'जारी'लाई उत्कृष्ट मानिन्छ । दर्शक र समीक्षकले पनि फिल्मलाई अब्बल भनेका थिए । तर, राष्ट्रिय अवार्डमा 'जारी'लाई धेरै कमाउने फिल्मको एउटा अवार्ड मात्र दिइयो । यसले राष्ट्रिय अवार्डका जुरीहरुको 'सिनेमा लिट्रेसी'माथि नै प्रश्न उठेको छ । 'जारी'माथि अन्याय भएको भन्दै फिल्मकर्मीहरुले असन्तुष्टि जनाइरहेका छन् ।

'नाङ्गो गाउँ'का निर्देशक दीपेन्द्र लामाले बिहीबार फेसबुकमा स्टाटस लेख्दै कुनै पनि विधामा एउटा पनि अवार्ड नदिइनु 'जारी'माथि अन्याय भएको उल्लेख गरेका छन् । उनी लेख्छन्, 'नेशनल फिल्म अवार्डका निर्णायक समितिको 'फिल्म लिट्रेसी' निकै नै दयनीय रहेछ । छर्लङ्ग भयो ।' उनको धारणामा धेरै सहमत देखिएका छन् । कतिले अवार्डमा राजनीति भएको टिप्पणी समेत गरेका छन् ।

उनकोस्टाटसमा क्लाकार दीपकराज गिरीले समेत प्रतिक्रिया जनाएका छन् । तर, उनको मत भने फरक देखिन्छ । उनले अवार्ड यसले र उसले पाउनुपर्थ्यो भनेर फिल्मकर्मीले नै भन्नु ठीक नभएको आशय व्यक्त गरेका छन् । दीपेन्द्रलाई प्रश्न गर्दै दीपकराजले लेखेका छन्, 'जुरीले चलचित्रमा हुनुपर्ने गुण अर्कै चलचित्रमा पायो होला । चलचित्रकर्मीले यसले होइन, उसले पाउनुपर्थ्यो भन्ने र ?'

दीपकराजको प्रतिक्रियामा निर्देशक लामाले प्रतिजवाफ फर्काएका छन् । फिल्मको बारेमा फिल्मकर्मीले नै बोल्नुपर्ने उनको तर्क छ । आफूले सम्पूर्ण विधामा 'जारी'ले मात्र अवार्ड पाउनुपर्छ भनेर नभनेको उल्लेख गर्दै उनले सबैबाट राम्रो समीक्षा पाएको फिल्मलाई एउटै पनि विधामा अवार्ड नदिइनु विल्कुलै अस्वभाविक रहेको जनाएका छन् । उनको यो तर्कमा पनि धेरै सहमत देखिएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सी आशा फाउण्डेसनका बालबालिकाको कान परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडा-७ हरियालीचोकस्थित सी आशा फाउण्डेसनका बालबालिका र अभिभावकको कान परीक्षण शिविर शुक्रबार सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको आयोजनामा विद्यालयमा अध्ययन गर्ने बालबालिकाको कान परीक्षण शिविर संचालन भएको हो ।

किवानिज क्लब मकवानपुरका वर्ष २०२४/२५ का अध्यक्ष पवन खड्काको सभाध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन गर्दै किवानिज क्लव नेपालका निवर्तमान गभर्नर तीर्थकुमार सिंहले बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा सन २०१५ देखि नेपालमा सक्रिय रहेको यो संस्थाले १८ वर्ष मुनीका बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, नेतृत्वविकास लगायतका क्षेत्रमा सघाउने बताए । मानिसका लागि आँखा, कान, मुटु जस्ता महत्वपूर्ण अंगको अवस्थाबारे समयमै जानकारी लिन सके भबिश्यमा ठूलो नोक्सानी हुनबाट जोगिाउने बताउँदै सिंहले भने-'यस्तो शिबिर दुर्गम क्षेत्रका बालबालिकालक्षित गरी संचालन गर्नु जरुरी छ ।'

कार्यक्रममा किवानिज नेपालका भाइस गभर्नर रामहरि सुबेदी, किवानिज नेपालका सचिव शिबबहादुर काफ्ले, किवानिज चाइल्ड फण्ड चियरपर्सन गोपीमान श्रेष्ठ, डिभिजन-३ का साउथ एलटी गभर्नर डा. अनुपमा श्रेष्ठले यस्ता शिबिरले बालबालिकालाई स्वस्थ्य रहन सहयोग पुर्‍याउने बताए । हेटौंडा उपमहानगरपालिका वार्ड नं. २ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले बालबालिकालाई आफ्नो कान कमजोर छ भन्ने कुरा थाहा नहुने भएकोले शिबिर आवश्यक रहेको बताए । उनले बालबालिकाको आँखा, कान जस्ता अंगको परीक्षण गर्ने शिबिरको आयोजना गरी किवानिजले पुण्यको काम गरेको बताए । शिबिरलाई मकवानपुर सहकारी अस्पतालका इएनटी बिशेषज्ञ डा. इन्क्लव ढुंगानाको टोलीले परीक्षण गरेको थियो ।

नेपालगंजस्थित आइडियल फर्मासिटिकल्स प्रालिले औषधि सौजन्य गरेको र मकवानपुर सहकारी अस्पतालले चिकित्सक टोली सहयोग उपलब्ध गराएको किवानिज क्लबका मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुलीले जानकारी दिए । किवानिज क्लब मकवानपुरका कोषाध्यक्ष ईश्वर रिजालले सहजीकरण गरेको कार्यक्रममा किवानिज क्लव हेटौंडाका अध्यक्ष गंगाप्रसाद पौडेल, किवानिज क्लब मकवानपुरका उपाध्यक्ष भानुभक्त आचार्य, सचिव भीमप्रसाद फुँयाल (दिनेश), केसीएफ चियरपर्सन रामचन्द्र बर्तौला, पीआर मार्केटिङ रीता पराजुली, मकवानपुर सहकारी अस्पतालका प्रशासन प्रमुख रामचन्द्र रेग्मी, सी आशा फाउण्डेसनका शैक्षिक संयोजक शान्ति चौलागाईलगायतको उपस्थिति रहेको थियो । शिबिरमा कान परीक्षण गरिएका बालबालिका तथा अभिभावकलाई निःशुल्क औषधि बितरण गरिएको थियो ।

# किवानिज क्लब मकवानपरको पद हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडा-७ हरियालीचोकस्थित सी आशा फाउण्डेसनका बालबालिकाको कान परीक्षण शिबिरसँगै किवानिज क्लब मकवानपुरको पद हस्तान्तरण भएको छ । अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको वर्ष २०२३/२४ का अध्यक्ष माधब गौतमले वर्ष २०२४/२५ का अध्यक्ष पवन खड्कालाई पद हस्तान्तरण गरेका हुन् ।

किवानिज क्लब मकवानपुरका वर्ष २०२३/२४ का अध्यक्ष गौतमको सभाध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा किवानिज क्लव नेपालका निवर्तमान गभर्नर तीर्थकुमार सिंहले बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा सन २०१५ देखि नेपालमा सक्रिय रहेको बताए । यो संस्थाले १८ वर्ष मुनीका बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, नेतृत्वविकास लगायतका क्षेत्रमा सहयोग गरिरहेको उनले बताए ।

किवानिज नेपालका भाइस गभर्नर रामहरि सुबेदी, किवानिज नेपालका सचिव शिबबहादुर काफ्ले, किवानिज चाइल्ड फण्ड चियरपर्सन गोपीमान श्रेष्ठ, डिभिजन-३ का साउथ एलटी गभर्नर डा. अनुपमा श्रेष्ठको उपस्थितिमा पद हस्तान्तरण भएको हो । गत सेप्टेम्बर महिनामा भएको निर्वाचन कार्यक्रमले अध्यक्ष खड्काको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको भएपनि शुक्रबार हस्तान्तरण गरिएको हो ।

किवानिज क्लबका मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुलीले किवानिज क्लब मकवानपुरले एक वर्षमा तीनवटा शिबिर संचालन गरेको बताए । मसिनेको पशुपतिनाथ मावि, हेटौंडा-२ को सिद्धार्थ मावि र हेटौंडा-७ को सि आशा फाउण्डेसनमा अध्ययन गर्ने बालबालिकाको कान परीक्षण शिबिर संचालन गरिएको थियो । बालबालिकाको क्षेत्रमा अभै सक्रियतापूर्वक सेवा गर्ने प्रतिबद्दता जनाइएको छ ।

किवानिज क्लब मकवानपुरका सचिव भीमप्रसाद फुँयाल दिनेशले सहजीकरण गरेको कार्यक्रममा किवानिज क्लव हेटौंडाका अध्यक्ष गंगाप्रसाद पौडेल, किवानिज क्लब मकवानपुरका उपाध्यक्ष भानुभक्त आचार्य, कोषाध्यक्ष ईश्वर रिजाल, केसीएफ चियरपर्सन रामचन्द्र बर्तौला, पीआर मार्केटिङ रीता पराजुली, सदस्य पूर्णप्रसाद अर्याल, सुरेश गौतमलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडामा १५ वर्ष मुनिको फुटबल प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडामा १५ वर्ष उमेर समूह मुनिका पुरुष खेलाडीको फुटबल प्रतियोगिता हुने भएको छ । पिप्ले युवा क्लव हेटौंडाको आयोजनामा यही मंसिर २७ गतेदेखि १५ वर्ष मुनिको ८ ए साइड फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो ।

हेटौंडा-५ वडा कार्यालयको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।

हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा हुने प्रतियोगिताको तयारी तीव्र पारिएको आयोजक पिप्ले युवा क्लवका अध्यक्ष सुविन घिमिरेले जानकारी दिए । प्रतियोगिताको लागि करिब ४ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

आयोजकले टिम दर्ता शुल्क ४ हजार रुपैयाँ तोकेको छ । घिमिरेकै नेतृत्वमा रहेको एफसी मुण्डियालले अघिल्लो वर्ष यू २१ फुटबल प्रतियोगिता आयोजना गरेको थियो ।

# त्रिविका विद्यार्थीलाई एनपीएलको टिकटमा ५० प्रतिशत छुट

काठमाडौं, १४ मंसिर/ शनिबारदेखि सुरू हुन लागेको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको टिकट खरिद गर्दा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले छुट पाउने भएका छन् ।

त्रिविमा अध्ययनरत विद्यार्थीहरूले एनपीएलको टिकट खरिद गर्दा ५० प्रतिशत छुट पाउने भएका हुन् । क्यानले शुक्रबार राति एक विज्ञप्ति जारी गर्दै यस्तो जनाएको हो ।

'प्रतियोगिता अवधिभर का लागि त्रिवि मैदान कीर्तिपुरमा हुने खेलहरूका लागि क्यान र त्रिभुवन विश्वविद्यालयबीच भएको सम्झौता अनुसार त्रिविमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूका लागि टिकट खरिदमा ५० प्रतिशत छुट कायम गरिएको छ', विज्ञप्तिमा भनिएको छ ।

क्यानले लिग चरणका खेलहरूमा जनरल टिकटको रु ३०० तथा भीआईपी टिकटको रु ५०० तोकेको छ । त्यसैगरी प्लेअफमा जनरलको ५०० र भीआईपीको ७०० रुपैयाँ तथा फाइनलको दिनमा सामान्यको ५०० र भीआईपी टिकटको १००० रुपैयाँ तोकिएको छ ।

८ टोली सम्मिलित एनपीएल शनिबारदेखि कीर्तिपुरस्थित टीयू क्रिकेट मैदानमा हुँदै छ । उद्धाटन खेलमा विराटनगर किंग्स र जनकपुर बोल्ट्स खेल्दै छन् ।





**भजन गाउन हार्मोनियम** : मकवानपुरको मनहरी-४ मसिनेस्थित पशुपतिनाथ मन्दिरमा भजनकीर्तन गर्नका लागि स्थानीय समाजसेवी युवा रबिन ढकालले हार्मोनियम सहयोग गरेका छन् । हार्मोनियमको अभावमा भजनकीर्तन गर्न समस्या भएको जानकारी पाएपछि सहयोग उपलब्ध गराएको ढकालले बताए । *तस्बिर: साझाकुरा*

# बागमतीका सांसदले पनि सार्वजनिक गरे २ वर्षको प्रगति

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेश सरकार, प्रदेशसभा सचिवालय वा अन्य निकायले आफ्नो वार्षिक, अर्धवार्षिक, चौमासिकरुपमा प्रगति विवरण सार्वजनिक गर्दै आएका हुन्छन् ।

बागमतीमा सरकार, प्रदेशसभा सचिवालय वा अन्य निकायले मात्र हैन, प्रदेश सांसदले पनि आफ्नो प्रगति सार्वजनिक गरेका छन् ।

४ मंसिर २०७९ मा भएको प्रदेशसभा निर्वाचनबाट विजयी भई प्रदेशसभामा आएका नेकपा माओवादी केन्द्र प्रदेश अध्यक्षसमेत रहेका सांसद सरल सहयात्री पौडेलले २ वर्षको प्रगति विवरण सार्वजनिक गरेका हुन् । उनको प्रगति विवरणमा प्रदेशसभामा भएका कामदेखि आफ्नो निर्वाचन क्षेत्रमा आफ्नो पहलमा बिनियोजित बजेट कार्यक्रमको विवरण पनि छ ।

सिन्धुपाल्चोक-१ (२)बाट निर्वाचित भएका उनले ११ मंसिरमा प्रदेशसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र पाएका थिए । पुस १४ गते पद तथा गोपनीयताको शपथग्रहण गरेका थिए । प्रदेशसभा सदस्यमा निर्वाचित भएको दुई वर्षमा जनतासँग गरिएका प्रतिबद्धताको धरातलबाट आफू विमुख नभएको दाबी गरेका छन् । निर्वाचनको बेला जनतासँग सहयात्रीले मुख्यतः पाँचबुँदे प्रतिबद्धता जनाएका थिए ।

जनताका घरघरमा गएर गरिएको विकास निर्माणका प्रतिविद्धताको व्यवस्थित सूचीमध्ये दुईवर्षको अवधिमा आफूले गरेका कामका प्रगति विवरण सार्वजनिक गरेका हुन् । यस अवधिमा चार वटा अधिवेशन सम्पन्न भएको र १३ वटा कानुन अनुमोदन भएको जानकारी दिएका छन् । प्रदेशसभामा उठान गरिएका र सम्बोधन भएका सडक निर्माण, भौतिक पूर्वाधार विकासलगायत विषयमा प्रगति भएको उनले उल्लेख गरेका छन् ।

# नगरपालिका र आयोजक फाइनल प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत १४ मंसिरमा भएको संघसंस्थाबीचको फुटबल प्रतियोगितामा थाहा नगरपालिका र आयोजक पालुङ जेसीज टिम फाइनलमा प्रवेश गरेको छ ।

थाहानगरको इन्द्रायणीचौर खेलमैदानमा भएको प्रतियोगितामा थाहा नगरपालिकाले नेपाल लेखापढी व्यवसायीलाई २-० गोल अन्तरले पराजित गर्दै फाइनलमा आफ्नो उपस्थिति सुनिश्चित गरेको हो । त्यस्तै आयोजक पालुङ जेसीजले बैंक तथा वित्तीय संस्थाको टिमलाई २-१ गोल अन्तरले पराजित गरी फाइनलमा प्रवेश गरेको कार्यक्रम संयोजक श्रीकृष्ण श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिताको फाइनल खेल १५ मंसिर विहान ९ बजे हुने संयोजक श्रेष्ठले जानकारी दिएका छन् । प्रतियोगिता एक समारोहका बीच थाहानगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तानले उद्घाटन गरेका थिए । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतमा भएको कार्यक्रममा पालुङ जेसीज वर्ष २०१० का अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ जेसीजका पदाअधिकारी, थाहा नगरका जनप्रतिनिधि तथा कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

# बागमतीमा निरन्तर उकालो लाग्दै आपराधिक घटनाको ग्राफ



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेशको १० जिल्लामा (उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुर बाहेक) तीन वर्षयता आपराधिक घटनाको ग्राफ निरन्तर उकालो लागिरहेको तथ्यांकले देखाएको छ ।

विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/८१ को साउनदेखि कार्तिकसम्म चार महिनामा आपराधिक घटना बढेको छ । चालु आर्थिक बर्ष २०८१/८२ को चार महिनाको अवधिमा ४६६ बैंकिङ कसूर र वित्तीय अपराधका घटना भएको छ ।

संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना आर्थिक वर्ष २०७८/७९ मा ५६३ भएकोमा आव २०७९/८० मा बृद्धि भइ ९०४ पुगेको थियो भने गत आवमा एक हजार ३३४ पुगेको छ । संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना बढेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको तथ्यांकले देखाएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आवको कार्तिकसम्म ज्यान सम्बन्धित ३४९, आत्महत्या सम्बन्धित २८५, चोरी सम्बन्धित १५४, सामाजिक अपराध सम्बन्धित २८९, सवारी सम्बन्धित ९२ र अन्य १४४ अपराधसँग सम्बन्धित घटना भएका छन् ।

प्रहरीको तथ्यांकअनुसार मुद्दा दर्ता तथा अपराधमा बढोत्तरी भएको छ । आव ०७८/७९ को अनुपातमा ०७९/८० मा ६.२२ प्रतिशत र आव २०७९/८० को अनुपातमा २०८०/८१ मा ५.१८ प्रतिशतले मुद्दा दर्ता वृद्धि भएको तथ्यांक छ । आव २०७८/७९ मा चारहजार ४०५ मुद्दा दर्ता भएकोमा आव ०७९/८० मा बढेर चारहजार ६७९ पुगेको थियो भने आव २०८०/८१ मा पाँचहजार १९७ मुद्दा दर्ता भएको छ ।

चालु आवको कार्तिक मसान्तसम्म एकहजार ७७९ मुद्दा दर्ता भएको छ । अघिल्ला आवको तुलनामा यसआवको चारमहिनामा दर्ता भएको मुद्दा तुलनात्मक हिसावले धेरै रहेको छ ।

चालु आवको कार्तिक मसान्तसम्म १५४ लागूऔषध, २८ कर्तव्य ज्यान, ८१ जबरजस्ती करणी, ५ मानव बेचबिखन तथा ओसारपसार, ३ अपहरण तथा शरीर बन्धक, ३२ डाँका र अन्य ७ अपराधका घटना भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

त्यस्तै महिला तथा बालबालिकाविरुद्धको अपराध पनि बढ्दै गएको छ । चालु आवको कार्तिक मसान्तसम्म ८१ वटा जबर जस्ती करणी, ८ बहुविवाह, ९ जबरजस्ती करणी उद्योग र ४ वटा मानवबेचबिखन तथा ओसारपसार सँग सम्बन्धित अपराधका घटना भएका छन् ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७८८४६१४, ९८४५०२७०५७

## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८१।०८।२५ गते बसेको सञ्चालक समितिको बैठकले यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पुर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने :**

मिति : २०८१ मंसिर २९ गते शनिबार
समय : बिहान ११:३० बजे
स्थान : रोयल पार्टि प्यालेस, हेटौंडा-४

**छलफलका प्रस्तावहरु :**

१. सञ्चालक समिति, लेखा समिति र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.०८०/८१ को लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व.०८१/८२ को अनुमानित बजेट तथा भावी कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८१/८२ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. संचालक समतिमा रिक्त पदपुर्ति र अनुमोदन सम्बन्धमा ।
६. संस्था एकीकरण सम्बन्धमा ।
७. विनियम संसोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
९. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
१०. कानूनी खर्च सम्बन्धमा ।
११. निष्क्रिय शेयर सदस्य सम्बन्धमा ।
१२. १४ औं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. विविध ।

आशा ढकाल
सचिव

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर । फोन: ०५७-५२३२७०

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना